get ready QUEENSLAND

# तपाईंको घर तयार गर्नुहोस्

Queensland Government

क्वीन्सल्याण्डमा हामी अद्भुत मौसम र जीवन शैलीको आनन्द लिन पाउछौँ। तथापि, आँधी, भुँवरी, र बाढ जस्ता प्राकृतिक प्रकोपहरू हाम्रो वातावरणको एउटा अपरिहार्य अङ्ग बनेको छ। इतिहासले देखाए अनुसार, यिनीहरूबाट उत्पन्न खतराका सम्बन्धमा हामी शान्त भएर बस्ने जोखिम उठाउन सक्दैनौँ।

अहिले नै निम्न कुराहरू गरि आपातकालीन स्थितिहरूका लागि तयार रहनुहोस्:

- तपाईंको आपातकालीन योजना तयार गर्ने;
- तपाईंको आपातकालीन किट तयार गर्ने;
- तपाईंको घर तयार गर्ने; तथा
- चेतावनीहरू सुन्दै गर्ने।

यी सामान्य कुराहरू गरेमा प्राकृतिक प्रकोपहरूका लागि तयार रहन, यसबाट बच्न, र यसको असर कम गर्न सहायता पुग्छ।

आफ्नो घरलाई तयार राख्न आवश्यक कदमहरू चाल्ने सबभन्दा उचित समय भनेको आँधीबेहरी, भुँवरी र बर्खाको मौसम आउनु भन्दा पहिला हो।

घर तथा सम्पत्तिको सम्भाव्य क्षतिमा कमी ल्याउन निम्न कदमहरू चाल्ने सुझाव गरिएको छ।

1. घरको सामान्य मरम्मत सम्भार

- छानाको अवस्था जाँच गरेर खकुलो टाइल्स, बलेंसी तथा छानाका पेंच वा कीलाहरूलाई ठीक गर्नुहोस्;
- पानीलाई सकेसम्म चाँडो बग्ने गरि गटर तथा नालाहरू सफा गर्नुहोस्;
- रुख तथा लामा हाँगाबिगाहरू काट्नुहोस् (झुन्डिएको बिजुलीको तारहरूबाट होसियार रहनुहोस्); तथा
- जोड्ले हावा चल्दा उढेर खतरा हुन सक्ने भएकोले घर तथा बगैंचाका चीजबीजहरू (जस्तै बगैंचाको फरनिचर) लाई राम्ररी बाँधेर राख्नुहोस्।

2. घरको सामान्य तयारी

- तपाईंको घर, सर-सामान र सवारी बिमा चालु छ र यसले सम्पूर्ण सम्पत्तिहरूको पर्याप्त बिमा सुरक्षा प्रदान गर्छ भन्ने सुनिश्चित गर्नुहोस्। - तपाईंको पोलिसिले फोहर वा कुडाकर्कट सफा गर्ने र फ्याँक्ने पनि कभर गर्छ वा गर्दैन त्यो पनि जाँच गर्नुहोस्;
- ठूलो आँधी वा भुँवरी आउँदा घरमा ओत लाग्न कुन कोठा सबभन्दा बलियो छ भन्ने पत्ता लगाउनुहोस्। प्राय: झ्यालहरु कम रहेको घरको सबभन्दा सानो कोठा नै बलियो हुन्छ;
- पानी, बिजुली र ग्यासको मुख्य आपूर्ति कहाँबाट हुन्छ र कसरी बन्द गर्ने जानी राख्नुहोस्;
- सौर्य ऊर्जा प्रणालीहरू बन्द गर्न उत्पादकले दिएको तरिकाहरू जानि राख्नुहोस्; तथा
- आपातकालीन स्थितिमा चाहिने आवश्यक वस्तुहरू किनेर आफूसँग राख्नुहोस्, जस्तै:
    - पिउने पानी राख्ने भाँडाहरू,
    - गाडीका लागि अतिरिक्त इन्धन (सुरक्षित तवरमा राख्नुहोस्),
    - झ्यालको लागि ठूलो चौडाको मास्किङ टेप, तथा
    - बाढी आएर ढलको पानी निस्न नदिन घरको भित्रको नालाहरूमा बालुवाको बोरा राख्न बालुवा र बोरा

3. यदि तपाईं बाढी सम्भावित क्षेत्रमा बस्नुहुन्छ भने:

- बाढी आएको अवस्थाबाट जोगाउन सम्पूर्ण वीषहरूलाई भुइँ भन्दा निकै माथि राख्नुहोस्
- यदि बाढी आइ हालेमा घरको कुन बस्तुलाई अग्लो ठाउमा राख्ने वा खाली राख्न जरुरी छ सो पत्ता लगाउनुहोस्; तथा
- निम्न कुराहरूमाथि ध्यान दिनुहोस्:
    - भुइँमा ओछ्याउने कार्पेटहरूको विकल्प,
    - बिजुलीको काम गर्ने प्रमाणपत्र प्राप्त ठेकेदारद्वारा बिजुलीको सकेट र पावर पोइन्टहरूलाई भुइँ भन्दा पर्याप्त माथि सार्ने।

4. यदि तपाईं भुँवरी वा अत्याधिक आँधी आउन सक्ने क्षेत्रमा बस्नुहुन्छ भने:

- ठूलो हावा आउँदा बच्ने उद्देश्यले झ्यालमा शटर वा तारको जाली लगाउनुहोस्; तथा
- कुनै व्यावसायिक ठेकेदारद्वारा आफ्नो भवनको जाँच गराउनुहोस् र ठूलो आँधीमा घरको सुरक्षाका लागि आवश्यक उपायहरू पत्ता लगाउनुहोस्।

5. भुँवरी वा अत्याधिक आँधीबारे मौसमको चेतावनी जारी भएमा:

- बिजुलीका सामान तथा टेलिभिजन र रेडियोका बाहिरि एरियलहरून निकाल्नुहोस्;
- यदि आपातकालीन स्थिति सम्बन्धी निकाय वा अधिकारीहरूद्वारा निर्देशन भएमा बिजुली तथा ग्यासको मुख्य आपूर्ति बन्द गर्नुहोस्;
- बाहिरका फरनिचर तथा अन्य बगैंचाका सर-सामानहरू बाँधेर राख्नुहोस्;
- पानीको मुख्य आपूर्ति बन्द भइ हालेमा प्रयोग गर्ने बाल्टीहरूमा पर्याप्त पानी जम्मा गर्नुहोस्;
- झ्यालमा शटर लगाएर बन्द गर्नुहोस् वा दह्रो टेप प्रयोग गरि छड्के क्रस गर्ने ढाँचामा टेप लगाउनुहोस् र पर्दा; तान्नुहोस्
- सवारी साधनहरूलाई ओत लगाएर, रुख, बिजुलीको तार तथा पानीको नाला भन्दा टाढा पार्क गर्नुहोस्;
- यदि सवारी साधनको लागि ओत लगाउने ठाउँ नपाएमा, असिनाबाट क्षति कम गर्न कसिलो गरि कम्बलले बाँध्नुहोस्;
- घरका सबै सदस्यहरू सुरक्षित तथा सबभन्दा बलियो कोठामा रहेको सुनिश्चित गर्नुहोस्;
- आँधी वा भुँवरीबाट जोगिन ओत लाग्दा आफूसँग आपातकालीन किट लैजानुहोस्; तथा
- घट्नाको ताजा जानकारी साथै थप चेतावनी तथा सुरक्षात्मक सन्देशहरू पाउनका लागि तपाईंको स्थानीय रेडियो स्टेशन सुन्दै गर्नुहोस्।

## सदा याद राख्नुहोस्

तपाईंको परिवारले
आपातकालीन स्थितिहरूका लागि तयार रहने, यसबाट बच्ने
तथा यसको सामना गर्ने क्रममा घरलाई यसको लागि तयार राख्नु
एउटा महत्वपूर्ण कदम हो।

यो पुस्तिकाको उद्देश्य जानकारी प्रदान गर्नु मात्र हो र यसलाई एउटा असल नियतमा उपलब्ध गरिएको छ। कुनैपनि व्यक्तिले यस पुस्तिकामा उपलब्ध जानकारीमा भरोसा गरेको कारणले भोग्नु परेको वा प्रत्यक्ष वा परोक्ष रूपमा उत्पन्न भएको कुनैपनि हानि वा क्षति (सो का फलस्वरुप हानि वा क्षति लगायत) का सम्बन्धमा कुनैपनि व्यक्ति प्रति सामुदायिक सुरक्षा विभाग, आपातकालीन स्थिति व्यवस्थापन क्वीन्सल्याण्ड तथा राज्य आपातकालीन सेवा जिम्मेवारी रहने छैन।

© 2013 Department of Community Safety Nepali

आपातकालीन स्थितिहरूका लागि तयार रहने सम्बन्धमा थप जानकारीका लागि **www.disaster.qld.gov.au** मा हेर्नुहोस्।